## १. जन्म र बाल्यकाल

पिता स्व. छन्तलाल घिमिरे र माता जयन्ता घिमिरेका ९ भाई छोराहरू र १ छोरी गरी जम्मा १० सन्तानका साइला सुपुत्रको रूपमा वि.स. १९९८ साल ज्येष्ठ ८ गतेका दिन गुल्मी जिल्लाको वाग्ला गाँउ पञ्चायत वडा नं. ७ अजमीर गाँउ हालको मालिका गाँउपालिका वडा नं. ७ वाग्ला अजमीर भन्ने ठाँउमा स्व. गणेश घिमिरेको जन्म भएको थियो । मध्यम वर्गीय परिवारमा जन्मनु भएका स्व. गणेश घिमिरेका बुबाले जिम्वाल र कृषकका रूपमा काम गर्नुहुन्थ्यो र वाग्ला गाँउको शिक्षित र सामाजिक अभियान्ता पनि हुनुहुन्थ्यो भने आमा एक असल गृहिणीको रूपमा आफ्ना छोराछोरीहरूलाई मातृवात्सल्य प्रदान गर्नु भएको थियो । असल आचरण र नैतिकतामा विशेष ध्यान पुऱ्याउने परिवारमा साइला छोराको रूपमा जन्मेका स्व. गणेश घिमिरेको बाल्यकाल सुखद रूपमा बितेको थियो । बुबाआमा, दाजुभाइ, दिदीबहिनी, आफन्तजन, इष्टमित्र, साथीभाइ र छरछिमेकीको  माया, ममता र स्नेह तथा आफ्नो असल आनीबानी र व्यवहारको सिकाईबाट उहाँको बाल्यकाल बितेको थियो ।

## २. शिक्षा र किशोरवस्था

जन्म दिने बुबाआमा आफन्तजन र छरछिमेकको अथक माया पाएर हुर्केका स्व. गणेश घिमिरेले हिमालय मा.वि. धुर्कोटमा भर्ना भई प्रा.वि.र नि.मा.वि. तहको शिक्षा हासिल गर्नुभएको थियो भने  कपिलबस्तु जिल्लाको तौलिहवा स्थित रत्नराज्य माध्यमिक विद्यालयवाट माध्यमिक तहको शिक्षा हासिल गर्नु भएको थियो र उच्च शिक्षा प्रविणता प्रमाणपत्र तह(Intermediate) बनारस विश्वविद्यालयवाट वि.सं. २०२३ सालमा उत्तीर्ण गर्नुभएको थियो । निर्भिक र स्पष्टसँग बोल्न सक्ने क्षमता भएको हुदाँ उहाँलाई साथीभाई, इष्टमित्र र छरछिमेकले समेत मन पराएर हरेक नेतृत्वमा अगुवाई गर्ने अवसर समेत उहाँले

प्राप्त गर्नु भएको थियो । उहाँ युवाअवस्था देखि नै वाटोघाटो बनाउने, मठ मन्दिर निर्माण गर्ने, विद्यालय बनाउने, सहकारीलाई अगाडि बढाउने, खानेपानीलाई व्यवस्थित रूपले अगाडि बढाउने कार्यमा सरिक भै सामाजिक सेवातर्फ पनि ध्यान केन्द्रित भएको पाईन्छ ।

उहाँमा बुझेर बोल्ने, स्पष्ट बोल्ने, न्यायोचित व्यवहार गर्ने, तर्कपूर्ण बहस गर्ने र सबैलाई समान व्यवहार गर्ने खालका गुणहरू थिए। उहाँका बाल्यकालका दौंतरी साथीभाइहरूका भनाइ अनुसार उहाँ सानैदेखि जुझारू र भद्र स्वभावको हुनुहुन्थ्यो । उहाँलाई पालनपोषण, शिक्षादिक्षा र स्वास्थ्यमा कुनै अभाव थिएन । उहाँको शारीरिक बनोटमा गहुँगोरो, न मोटो न दुब्लो, सुहाउँदो उचाई र फूर्तिलो स्वभाव थियो । उहाँ मिलनसार, सहयोगी, उपकारी जस्ता गुणहरूले भरिपूर्ण व्यक्ति हुनुहुन्थ्यो ।

उहाँले गाँउघरमा तमसुक, बैनाबट्टाको कागज, ठेक्कापट्टा झैझगडाका मिलापत्रका कागजहरू लेख्ने गर्नु हुन्थ्यो । यसरी शिक्षामा, साथीभाइको नेतृत्वमा, समाजसेवाको भावनामा र परिवार व्यवस्थापनमा समेत सहयोग गरेर पनि उहाँले आफ्नो किशोरावस्था बिताउनु भएको थियो।

## ३. विवाह र पारिवारिक दायित्व

स्व. गणेश घिमिरेले १६ वर्षको उमेरमा प्युठान जिल्ला साविका ओखरकोट-८ हाल झिमुक गाउँपालिका वडा नं.-४, चुधारा गाँउका पिता झविलाल भट्टराई र माता सरस्वती भट्टाराईका तिन दाजुभाई र ४ दिदीवाहिनीहरू मध्य दोस्रो सन्तान तिलकुमारी भट्टाराईका साथ सामाजिक र साँस्कृतिक परमपरा अनुसार वि.सं. २०1४ सालमा बैबाहिक जीवनको थालनी गर्नुभएको थियो । उहाँ बैबाहिक जीवनमा बाँधिए पश्चात परिवारको पालनपोषणको पनि जिम्मेवारी बहन गर्नु भएको थियो । स्व.गणेश घिमिरेको पारिवारिक पृष्ठभूमिलाई हेर्दा उहाँको परिवार

एउटा सभ्य, शिक्षीत परिवार थियो । साथै धेरै सन्तानका धनी भएर पनि उहाँले आफ्नो परिवारलाई व्यवस्थित रूपले संचालन गर्दै आउनु भएको थियो ।
स्व. गणेश घिमिरे गुल्मी जिल्लाको, वाग्लाबाट बासाईसराई गरी सपरिवार वि.सं. २०३३ सालमा प्रगतिनगर गाँउ पञ्चायत हालको देवचुली नगरपालिका वडा नं. ११ धारापानीमा आउनु भएको थियो । उहाँले धारापानी चोकमा ढाका कपडाको घरेलु उद्योग र व्यवसायिक बाख्रापालन, गल्ला व्यवसाय, कपडा र किराना पसल सञ्चालन गरी वेरोजगार मानिसहरूलाई रोजगार दिने काम समेत गर्नु भएको थियो ।

## ४. <u>सामाजिक सेवामा जिम्मेवारी</u>

यस क्षेत्रमा रहेका विभिन्न संघ/संस्थाको महत्वपूर्ण जिम्मेवारीमा रहेर योगदान पुऱ्याउँनुका साथै गाउँ पञ्चायतको उप प्रधानपञ्च भै जनताको सेवा गर्नु भएको थियो । उहाँले आफ्नो जीवनको कालखण्डमा विभिन्न संघसंस्थामा विभिन्न पदमा रही उल्लेख्य योगदान गर्नु भएको विवरण यस प्रकार रहेको छ ।
१) संस्थापक प्रधानाध्यापक : अर्जे मा.वि. गुल्मी (वि.सं. २०२४ देखि वि.सं. २०३२ सम्म)
२) संस्थापक अध्यक्ष :दिव्य ज्योति प्रा.वि. गैंडी (वि.स.२०३९/११/०९ देखि २०४०/०७/०५)
३) प्रगतिनगर गाउँ पञ्चायतको उप प्रधान पञ्च वि.स.२०४२ देखि वि.सं. २०४६ साल सम्म ।
४) वि.सं. २०४८ सालको आम निर्वाचनमा नवलपरासी क्षेत्र नं. १ बाट प्रतिनिधि सभाको सदस्यमा उम्मेदवारी।
५) संस्थापक अध्यक्ष : एकता सामुदायिक वन उपभोक्ता समूह ( वि.सं. २०५१ देखि २०५६ सम्म)

६) संस्थापक अध्यक्ष : प्रगतिनगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

(वि.स. २०५३ ' देखि वि.सं. २०५८ सम्मं) (तदर्थ समिति + अधिवेशनवाट निर्वाचित समेत गरी)

दोस्रो पटक वि.सं. २०६५ देखि २०६८ सम्म पुनः अध्यक्ष

७) संस्थापक अध्यक्ष : शुभकामना वचत तथाऋण सहकारी संस्था लि. (वि.सं. २०६४ देखि

वि.स. २०७३ साल कार्तिक मसान्तर सम्म)

८) उपाध्यक्ष : रजहर कृषि साझा समिति

९) सल्लाहकार : एकता सामूदायिक वन उपभोक्ता समूह

१०) सल्लाहकार : परोपकार वचत तथा ऋण सहकारी संस्था लि.

११) सल्लाहकार : शिद्धेश्वर शिवालय मन्दिर धारापानी

१२) सल्लाहकार : धारापानी वजार व्यवस्थापन समिति

१३) ऋण प्रवाह उप समितिको संयोजक : पृथ्वी वचत तथा ऋण सहकारी संस्था लि. पृथ्वीनगर

१४) सदस्य : जन ज्योति मा. वि. संचालक समिति (वि.सं. २०४२ देखि वि.सं. २०४६ सम्म)

१५) सल्लाहकार : धारापानी उप स्वास्थ्य चौकी

१६) सल्लाहकार : देउसत खोला नहर

१७) सदस्य : पृथ्वी मा. वि. संचालक समिति (वि.सं. २०४२ सालमा)

१८) संस्थापक सदस्य : भृकुटी बोर्डिङ स्कुल, धारापानी

१९) सल्लाहकार : भृकुटी बोर्डिङ स्कुल, धारापानी

यि माथिका थुप्रै पदमा रहेर समाजसेवामा समर्पित व्यक्तित्वको निधनले हामी सबैलाई दुःखित तुल्याएको छ । उहाँ जुन जुन संस्थामा आवद्ध हुनुहुन्थ्यो त्यहाँका व्यक्तिहरुले उहाँको कार्यशैलीको प्रशंसा गरेको पाईन्छ

। सामाजिक काम भने पछि घरको कामलाई वास्ता नगरी अहोरात्र जनताका सुःख दुःखमा सहभागी हुने अत्यन्त भद्र, सहयोगी निष्ठावान सामाजिक व्यक्तित्वलाई हामीले गुमाउनु परेको छ । उहाँको अभावलाई खड्किन नदिनका लागि हामीहरूले पनि समाज परिवर्तनका निम्ती आत्मसाथ गरेर अगाडि बढेको खण्डमा उहाँको आत्माले सुख शान्ति पाउनेछ ।

## ५. प्रगतिनगर खानेपानीमा स्व. गणेश घिमिरेको योगदान

साविक प्रगतिनगर गा.वि.स. वडा नं.-८ हाल देवचुली नगरपालिका वडा नं.- ११ का स्थायी बासिन्दा स्व.गणेश घिमिरेद्वारा प्रगतिनगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थामा २०५३ साल मंसीर २१ देखि तदर्थ समितिको अध्यक्षको रूपमा नेतृत्व गरी  वि.सं. २०५५ साल वैशाख १ गते संस्थालाई समुदायले व्यवस्थापन गर्ने गरी हस्तान्तरण लिई उपभोक्ता समिति मार्फत काम अगाडि बढाउने काम भयो। उक्त समयमा स्व. गणेश घिमिरे अध्यक्ष, दुर्गादत्त पौडेल उपाध्यक्ष, रविलाल भुसाल सचिव, हस्तबहादुर ठाडा कोषाध्यक्ष, सदस्यहरूमा श्यामप्रसाद श्रेष्ठ, झिल्लुराम भुसाल, शारदाप्रसाद भुसाल, हिमलाल सापकोटा, युवराज घिमिरे, डिलाराम पौडेल, हरि भुसाल, विष्णुप्रसाद काफ्ले, कृष्णप्रसाद भूर्तेल र गा.वि.स. प्रतिनिधीको रूपमा तत्कालिन समयका गा.वि.स. का अध्यक्ष मोहनलाल गौतम हुनुहुन्थ्यो र सो कार्यकाल वि.सं. २०५५ वैशाख १ गतेदेखि वि.सं. २०५६ साल पौष ६ गतेसम्म रहेको थियो ।

त्यस पछि पुनः अर्को कार्यकाल वि.सं. २०५६ पौष ७ गतेदेखि वि.सं. २०५८ साल पौष २५ गतेसम्म संस्थाको अध्यक्ष भै नेतृत्व गर्नु भयो । यो कार्यकालमा प्रगतिनगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले सार्वजनिक धाराहरूलाई निजीकरण गर्ने कामको थालनी गऱ्यो । व्यापक रूपमा निजी धाराहरू वितरण

गरियो । त्यस्तै शुद्ध पानी उपभोक्ताको धारामा पुऱ्याँउने उद्देश्यले नयाँ योजनाका साथ कामको खोजिमा अहोरात्र जुटि रहने काम गर्नुभयो । दुबै कार्यकाल सुःखद र सफल रह्यो ।

स्व. गणेश घिमिरे  वि.सं. २०६५ सालमा पुनः संस्थाको अध्यक्षमा निर्वाचित हुनु भएको थियो । वि.सं.२०६५ देखि वि.सं. २०६८ साल सम्म यस संस्थालाई सफा, शुद्ध र पर्याप्त पानी उपलब्ध गराउन अत्यन्तै सरल र सहज बनाउनु भएको थियो । ब्यापक रूपमा पाइप लाइन विस्तार, स्रोत तथा मुहानको संरक्षण, फिल्टर प्लान्टको ब्यवस्थित संचालन, कर्मचारी ब्यवस्थापन, कार्यालयलाई ब्यवस्थित गराउने  काम भएको थियो ।

प्रगतिनगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको विकास निर्माणमा  स्व. गणेश घिमिरेले पुऱ्याउनु भएको योगदान विशिष्ट रहेको छ । वहाँको निधन पश्चात २०७७ कार्तिक १७ गते अन्तिम दाहसंस्कार हुदाका दिन वहाको योगदानलाई कदर गर्दै संस्थामा शोक विदा गरिएको थियो ।

## ६. <u>आन्दोलनमा भूमिका र नेतृत्व :</u>

स्व. गणेश घिमिरे युवा अवस्था देखि नै सामाजिक र राजनैतिक क्षेत्रमा क्रियाशील हुँदै जीवनको उत्तरार्धसम्म सक्रिय रहनु भयो । २०३६ साल, २०४६ साल , २०६२/०६३ मा संचालित जनआन्दोलनहरूमा सहभागि हुनुको साथै प्रजातन्त्र, जनजीविकाका लागि सदैव संघर्ष गरिरहनु भयो । यसै क्रममा २०४२ सालदेखि २०४६ सालसम्म जनपक्षयि प्रतिनिधिको रूपमा साविक प्रगतिनगर गा.वि.स.को उपप्रधानपञ्च भै यस क्षेत्रको विकासमा विशेष योगदान दिनु भएको थियो ।

## ७. देहावसान र शवयात्रा

२०७७ कार्तिक १२ गते बिरामी भइ अस्पताल भार्ना गरिनु भएका गणेश घिमिरेको वि.सं. २०७७ कार्तिक १६ गते राती ११ बजेर २६ मिनेट जाँदा चितवन मेडिकल कलेजमा वहाँको देहावसान भयो । २०७७ कार्तिक १७ गते सैनिकको विशेष टिमबाट अस्पतालबाट शव व्यवस्थापन गरी चितवन जिल्लाको देवघाट स्थित नारायणी नदी किनारमा पीडाका साथ अन्तिम श्रद्धाञ्जली दिदै अन्तिम दाहसंस्कार गरियो ।

## ८. स्व.गणेश घिमिरेको पारिवारिक विवरण

**पत्नी ः तिल कुमारी घिमिरे**

जेठो छोरा ः यादव घिमिरे

जेठी बुहारी ः विष्णु घिमिरे

नातिनातिनाहरूः अस्था घिमिरे , आस्मा घिमिरे, आदर्श घिमिरे

माईलो छोरा ः टेकराज घिमिरे

माईली बुहारी विमला घिमिरे

नातिनातिनाहरूः माधव घिमिरे, अस्मिता घिमिरे

कान्छो छोरा ः जीवन घिमिरे

कान्छी बुहारी ः कुसुम घिमिरे

नातिनातिनाहरूः सम्राट घिमिरे , नमन घिमिरे

| क्र.स. | दाजुभाइहरूको नामावलि |
|---|---|
| १. | दाजुभाउजुहरू ः खडानन्द घिमिरे / स्व. हरिकला घिमिरे |
| २. | दाजु भाउजु ः मित्रलाल घिमिरे /मिनकला घिमिरे /स्व.झविकला घिमिरे |
| ३. | **स्व . गणेश घिमिरे /तिलकुमारी घिमिरे** |
| ३. | भाइबुहारी ः कृष्णप्रसाद घिमिरे / स्व.रूपा घिमिरे |
| ४. | भाइबुहारी ः तोयनारायण घिमिरे /स्व.कुवारी घिमिरे |
| ५. | भाइबुहारी ः धनिश्वर घिमिरे / ज्ञान कुमारी घिमिरे |

| | |
|---|---|
| ६. | भाइबुहारी : विनोद घिमिरे / निमकला घिमिरे |
| ७. | भाइबुहारी : खुमानन्द घिमिरे / टोपला घिमिरे |
| ८. | भाइबुहारीः स्व.गणेश प्रसाद घिमिरे (कान्छो) / लक्ष्मी घिमिरे (कान्छी) |

**छोरीज्वाई**

१. सिता अधिकारी + खगेश्वर अधिकारी (जेठी छोरी ज्वाई)
नातिनातिनाहरू १. आविष्कार अधिकारी २. आभुषण अधिकारी
२. शिला भट्टराई + मनिराम भट्टराई (कान्छी छोरी ज्वाई)
नातिनातिनाहरू १. सन्जना भट्टराई २. सिम्रन भट्टराई

## ८. परिवारजनको तर्फबाट :

हाम्रो परिवारका अग्रज एवम् अभिभावक स्व. गणेश घिमिरे विरामी पर्दा देखि अस्पतालसम्म पुऱ्याउने, अस्पतालमा उपचारमा संलग्न डा., स्वास्थ्यकर्मी, स्वास्थ्य स्थितिको वारेमा सोधपुछ गर्ने शुभचिन्तक , भेट्न जाने र देहावसान पश्चात शवको ब्यवस्थापनमा सहयोग गर्ने नेपाली सेना, सागरमा उपस्थित महानुभाव, हामी काजक्रियामा रहँदा समवेदना प्रकट गर्न उपस्थित आफन्तजन, इष्टमित्र, विभिन्न राजनैतिक, सामाजिक क्षेत्रका प्रतिनिधिहरू सबै प्रति आभार प्रकट गर्दछौं ।

**पत्नी : तिलकुमारी घिमिरे**

**छोरा/बुहारी**

यादव घिमिरे/ विष्णु घिमिरे
टेकराज घिमिरे/ विमला घिमिरे
जीवन घिमिरे /कुसुम घिमिरे
नातिनातिनाहरूः आस्था घिमिरे, आस्मा घिमिरे, आदर्श घिमिरे, माधव घिमिरे, अस्मिता घिमिरे, सम्राट घिमिरे, नमन घिमिरे
एवम् समस्त घिमिरे परिवार